मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन: 033-520605
Mob. 9852880500/9852880501

# कृषि ज्ञान केन्द्र

## सिरहा

प.सं.०८०/८१
च.नं.

**धान वालीको वीउ आपुर्तिको लागि आपूर्तिकर्ता सूचिकृत हुने सम्बन्धी प्रति इकाई दर भाउ सहितको शिलबन्दी आवेदन (प्रस्ताव) आव्हानको सूचना ।**

प्रथम पटक प्रकाशित मिति २०८१/०१/१४

कृषि ज्ञान केन्द्र, सिरहाको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उन्नत जातको वीउ विजन बितरण कार्यक्रम अन्तर्गत सुचिकृत उन्नत जातको धान वालीको वीउ ५० प्रतिशत अनुदानमा यस जिल्लाका कृषक/समुह/सहकारी/उद्यमीहरुलाई बिक्री बितरण गर्न आपूर्तिकर्ता सूचिकृत हुने सम्बन्धी प्रति इकाई दर भाउ सहितको शिलबन्दी आवेदन (प्रस्ताव) आव्हानको सूचना प्रकाशन गरेको छ । प्राप्त दरभाउहरु मध्ये गुणस्तर तथा न्यूनतम मूल्यको आधारमा अनुदान स्विकृत हुने तथा छनौट सूचिमा परेका आपूर्तिकर्ताहरुसंग प्रति इकाई वीउहरुको आपुर्ति सम्झौता गरी कृषकस्तरमा आपूर्ति कार्य गर्ने र अनुदान बाहेक कृषक दायीत्वको मूल्य रकम कृषकवाट नै भुक्तानी बुझी लिई वीउ आपूर्ति/ बिक्रि गरेको आपुर्ति परिमाणको आधारमा बिल भरपाई तथा आपूर्ति आदेश लगायतको कागजात पेश गरी स्विकृत/तोकिएको अनुदान रकम मात्र भुक्तानी पाउने गरी निर्धारित आपूर्ति प्रक्रिया अनुसार कार्य संचालन हुने भएकोले प्रचलित कानून बमोजिम इच्छुक आपूर्तिकर्ताहरुले यो सूचना प्रकाशित भएको मितीले १५ दिन (२०८१।०१।२८ गते) कार्यालय समय भित्र आवेदन प्रस्ताव फारम रु. एक हजार मात्र (पछी फिर्ता नहुने गरी) यस कार्यालयको कोड नं. ३१२०११६०२२, राजश्व शिर्षक नं १४२२९ बैंक दाखिला गरी भुक्तानी भौचरको आधारमा यस कार्यालयवाट प्राप्त गरी मिति २०८१/०१/२८ गते १२.० बजेसम्म यस कार्यालयमा आफुले आपूर्ति गर्न सक्ने वीउहरुको विवरणहरु आवेदन फारममा उल्लेख गरी तपसिल अनुसारका कागजातहरु संलग्न गरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। सोही दिन अपरान्ह २.० बजे प्रस्तावहरु खोलिने ब्यहोरा जानकारी गराइन्छ । कुनै कारणवस सो दिन बिदा पर्न गएमा बिदाको भोली पल्ट सोही समयमा हुनेछ । अन्य बिस्तृत जानकारी आवेदन फारममा उल्लेख गरिएको छ। आवेदन फारम सम्बन्धी सम्पूर्ण अधिकार यसै कार्यालयमा निहित रहनेछ ।

**आवश्यक कागजातहरु:**

- रु.१० को टिकट टाँस गरेको ।
- नवीकरण सहित संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
- आ.व.२०७९/८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
- स्थायी लेखा (पान) प्रमाण पत्रको प्रतिलिपी ।
- वीउ विजन कारोवार नविकरण सहितको इजाजत-पत्रको प्रतिलिपी ।
- वीउ विश्लेषण प्रमाण-पत्रको प्रतिलिपी ।
- प्रतिवद्धता पत्र ।

.................................
कृषि ज्ञान केन्द्र सिरहा

नरेन्द्र कुमार महासेठ
प्रमुख
दशौं तह